WWF

BROCHURE

NP

2010





















# WWF Conservation Awards 2010

# संरक्षण पुरस्कार २०१०

## Message from the Country Representative

We turn a new leaf this year with The Abraham Conservation Awards, The Matthew Preece and Yeshi Choden Lama Young Conservation Leader Awards and WWF Media in Conservation Award. Over the years, these awards have celebrated the zest and achievements of conservationists, local communities and journalists in conservation in Nepal. They also serve as a motivation to new aspirants in this field to keep pushing the envelope in conservation initiatives.

This year, we introduce you to a new chapter in this tradition of conservation excellence. And as we turn the spotlight on our achievers, we hope their stories shine a light within you to join us in building a cleaner, greener and vibrant Nepal.

Anil Manandhar

## राष्ट्रिय प्रतिनिधिको सन्देश

यस वर्ष हामीले अब्राहम संरक्षण पुरस्कार, म्याथ्यु प्रिस तथा येशी छोदेन लामा युवा संरक्षण अगुवा पुरस्कार र डब्लु डब्लु एफ संरक्षणमा मिडिया पुरस्कारमा नयाँ आयाम थपेका छौं । यी पुरस्कारले नेपालमा बर्षै भरि संरक्षणमा लागी परेका संरक्षणविदहरु, स्थानीय समुदायहरु तथा पत्रकारहरुको उत्साह र उपलब्धीहरुलाई सम्मान गर्दछ । यसले नयाँ पुस्तालाई पनि संरक्षणमा लागि पर्न उत्प्रेरणा प्रदान गर्छ भन्ने आशा हामी राख्दछौं ।

यस वर्ष हामी संरक्षणको सेवामा समर्पित नयाँ व्यक्तित्वहरुलाई तपाईंको सामु ल्याएका छौं । पुरस्कृतहरुको सफलताको कथाले हामीहरु सबैलाई सफा, हरियाली र समृद्ध नेपाल निर्माणमा अग्रसर गराउने आशा लिएका छौं ।

अनिल मानन्धर


© Simon de TREY-WHITE / WWF-UK

# ABRAHAM CONSERVATION AWARDS: INDIVIDUAL

# अब्राहम संरक्षण पुरस्कार : व्यक्तिगत

**Renu Shah**
**Outgoing Chairperson**
**Bufferzone Management Committee**
**KTWR. Jagatpur-8 Saptari**

Ms. Shah was the Chairperson of Bufferzone Management Committee of Koshi Tappu Wildlife Reserve (KTWR). She is also affiliated with other civil society organizations and has been active in the field of conservation for several years. She has played a key role in the initiation and implementation of bufferzone programs in the KTWR. Her contribution has been instrumental in mobilizing people in the conservation of wildlife and their habitat to achieve the objectives of KTWR. Ms. Shah has been pivotal in helping backward communities to heighten conservation awareness and improve their livelihood.

**रेनु शाह**
**पूर्व अध्यक्ष, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, कोशी टप्पु वन्यजन्तु आरक्ष**
**जगतपुर-८, सप्तरी**

रेनु शाह कोशी टप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको अध्यक्ष हुनुहुन्थ्यो । उहाँ अन्य संघ संस्था र नागरिक समाजसँग पनि आवद्ध हुनुहुन्छ । संरक्षण क्षेत्रमा शाह धेरै वर्षदेखि सक्रिय रहदैं आउनु भएको छ । उहाँले कोशी टप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र कार्यक्रमहरूको कार्यन्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । कोशी टप्पु वन्यजन्तु आरक्षको उद्धेश्य प्राप्तिका लागि वन्यजन्तु र तिनको वासस्थानको संरक्षणमा स्थानीय जनसमुदाय परिचालनमा उहाँको भूमिका उल्लेख्य रहेको छ । आफ्नो क्षेत्रका पिछडिएको समुदायमा संरक्षण चेतना बढाउने र उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउने कार्यमा उहाँको भूमिका सह्रानीय रहेको छ ।





**Hirulal Dangaura**
**Agriculture, Thapapur VDC Ward#2 Kailali**

Mr. Dangaura's passion for conservation was kindled in his early years itself when he became the president of his school Eco Club. As president of the regional Eco Club for three years and the president of the Dolphin Club for eight years, he gathered much experience in the field of conservation. He has led the mobilization of students for conservation activities and distribution of outreach materials. He has contributed to vulture conservation through his efforts to promote Meloxicam to reduce the usage of the veterinarian drug Diclofenac which has been gravely affecting the population of vultures. Mr. Dangaura's catapult/slingshot collection program for bird conservation has appeared often in local newspapers for its effectiveness. For the last two years, he has been mobilizing the youth from many VDCs in his district to produce street plays to spread awareness regarding biodiversity conservation. He has also brought together youth clubs and women societies for the cause of conservation through activities like roadside plantation of saplings.

**हिरुलाल दंगौरा**
**कृषि, थापापुर गाविस, वार्ड नं २, कैलाली**

हिरुलाल दंगौरा आफ्नो विद्यालयको इको क्लबको अध्यक्षमा नियुक्त भएपछि संरक्षणप्रति झुकाव बढेको हो । क्षेत्रिय इको क्लबको अध्यक्ष भएर तीन वर्ष र डल्फिन क्लबको अध्यक्ष भएर आठ वर्ष काम गर्दा उहाँले संरक्षण सम्बन्धि धेरै अनुभव हासिल गर्नु भएको हो । संरक्षण कृयाकलाप र जनचेतनामुखी सामाग्रीहरुको वितरणमा विद्यार्थीहरू परिचालन गर्नमा उहाँको नेतृत्व मननयोग्य रहेको छ । गिद्धको संख्यामा ह्रास गर्नमा प्रमुख भूमीका रहेको डिक्लोफेनाक औषधीको प्रयोग घटाउनका लागि उहाँले मेलोक्सोकम औषधीको प्रयोग र प्रबर्धनमा सहयोग पुऱ्याएर गिद्ध संरक्षणमा विशेष भूमिका खेल्नुभएको छ । चरा संरक्षणको लागि गुलेली संकलन कार्यक्रममा उहाँको भूमीकाका बारेमा पत्रपत्रिकाका धेरै ठाँउमा स्थान पाएको छ । नाटकको माध्यमबाट जैविक विविधताको संरक्षणमा जनचेतना फैलाउन उहाँले विगत दुई वर्षदेखि गाविसका युवालाई परिचालन गर्दै आउनु भएको छ । उहाँले सडकछेउ बोटबिरुवा वृक्षारोपण गर्ने अभियानमा स्थानीय युवा क्लब र महिला संस्थाहरुलाई एकै ठाउँमा ल्याई परिचालन गर्नुभएको छ ।






**Rupak Maharjan**
**Park Ranger, Chitwan National Park, Kasara Chitwan**

Mr. Maharjan joined the Chitwan National Park (CNP) as a Park Ranger in 2000 and began to work in the anti-poaching unit. He led several anti-poaching operations that were crucial in arresting professional rhino/tiger poachers. He is also actively involved in Rhino Translocation Nepal, Rhino Count and even Tiger census 2009. As an Anti-Poaching Operation Coordinator in CNP, Mr. Maharjan has contributed tremendously to Rhino and Tiger conservation through successful information gathering on future poaching plans and proper understanding of poaching strategies which resulted in the numerous arrests of poachers. Last year itself, his efforts resulted in the arrest of 35 rhino poachers including some notorious names in different areas of CNP.
Mr. Maharjan has also conducted educational workshops and campaigns to promote people's participation in conservation and has conducted research in the field of species conservation and environmental maintenance.

**रुपक महर्जन**
**रेन्जर, चितवन राष्ट्रिय निकुञ्ज, कसरा, चितवन**

रुपक महर्जन, रेन्जरका रूपमा चितवन राष्ट्रिय निकुञ्जमा सन् २००० मा नियुक्त भएदेखि नै चोरी शिकार प्रतिरोध एकाईमा काम गर्न थाल्नु भएको हो । उहाँले चोरी शिकार प्रतिरोध सम्बन्धि धेरै कारबाहीहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको छ । ती कारबाहीमा गैंडा र बाघका चोरी शिकारमा संलग्न व्यवसायीक चोरी शिकारीहरू पक्राउमा परी कानूनी कार्वाहीमा परेका थिए । चितवन राष्ट्रिय निकुञ्जको चोरी शिकार प्रतिरोध कारबाहीको संयोजकको रूपमा महर्जनले चोरी शिकारलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने विषयमा विशेष पहल गर्नु भएको थियो र सोही आधारमा धेरै चोरी शिकारीहरु पक्राउमा परेका थिए । गत वर्ष मात्र उहाँको प्रयासमा चितवन राष्ट्रिय निकुञ्जको विभिन्न ठाउँमा ७ वटाभन्दा बढी गैंडा मार्ने कुख्यात चोरी शिकारीहरु गरि ३५ जना भन्दा बढी चोरी शिकारीहरु समातिएका थिए । गैंडा स्थानान्तरण, बाघ र गैंडा गणना कार्यमा पनि उहाँ सकृय रुपमा सहभागी हुनुभएको थियो । महर्जनले संरक्षणमा जनताको सहभागिता बढाउन शैक्षिक कार्यशाला, संरक्षण अभियानहरु, प्रजाति र वातावरण संरक्षण र अनुसन्धान जस्ता कार्यमा विशेष भूमिका निर्वाह गर्नु भएको थियो ।



**Bhakta B Raskoti**
**Researcher, Pokharathok, 9  Arghakhanchi**

Mr. Raskoti has been tirelessly involved in species conservation for the past decade. His main focus has been on wild orchids of Nepal which are endangered and listed in CITES Appendix II. He has reported 16 orchids' species as new records of flora of Nepal, of which four are new to plant science itself. He has authored *'The Orchids of Nepal'* which is a collection of holistic information of three hundred species of orchids in Nepal and includes their importance, ecology and conservation status. The information in his book is based on his ten-year long field research. He has also published several research papers in national and international scientific journals. At the grassroot level, Mr. Raskoti has been actively working with rural communities of western Nepal, especially in Palpa, Arghakhanchi and Gulmi, to conserve the irreplaceable orchids in their natural habitat. He has been conducting various awareness programs in schools and local communities to protect orchids from factors such as deforestation, illegal trade and over-exploitation for medicinal and ornamental use.

**भक्त बहादुर रासकोटी**
**अनुसन्धाता, पोखरथोक, ९ अर्घाखाँची**

गत एक दशकदेखि प्रजाती संरक्षणमा भक्त बहादुर रासकोटी अथक रूपमा लाग्नु भएको छ। लोपोन्मुख र साइटिसको अनुसूची २ मा परेको सुनगाभा (अर्कीड) उहाँको अनुसन्धानको प्रमुख विषय हो। उहाँले अर्किडका १६ प्रजातीको अध्ययन प्रतिवेदन तयार पार्नु भएको छ  जुन नेपालको लागि नितान्त नैलो हो। ति मध्ये चार प्रजाति वनस्पती विज्ञानका लागि पनि नौला हुन्। उहाँले नेपालमा पाइने तीन सय प्रजातीका सुनगाभाको बृहत जानकारी र उनीहरूको महत्व, इकोलोजी र संरक्षण स्थिति दर्शाउने पुस्तक *द अर्किड्स अफ नेपाल* लेख्नु भएको छ। पुस्तकमा समाहित जानकारी उहाँको दश वर्षे लामो अनुसन्धानमा आधारित छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय वैज्ञानिक जर्नलहरुमा उहाँका धेरै अनुसन्धानात्मक लेखहरु प्रकाशित भएका छन्। पश्चिम नेपाल (विशेषगरि पाल्पा, अर्घाखाँची र गुल्मी) को ग्रामिण समुदायसँग सुनगाभालाई उनीहरूको प्राकृतिक ठाउँमा संरक्षण गर्न उहाँ निरन्तर रुपमा लागि रहनु भएको छ। वन बिनास, अवैध व्यापार, औषधी र सौन्दर्यको लागि अत्याधिक प्रयोगजस्ता कार्यबाट सुनगाभालाई बचाउन उहाँले विद्यालयहरू र स्थानीय समुदायमा धेरै सचेतना कार्यक्रमहरु संचालन गर्नुभएको छ।



**Kishore C Gautam**
**District Forest Officer, Department of Forests**
**District Forest Office, Dang**

Mr. Gautam has had more than 22 years of experience at the forestry services of the Government of Nepal. On December 2008, he was deputed as the District Forest Officer in Dang. Almost immediately, he started to mobilize the District Forestry Sector Monitoring Committee (DFSMC), a multi-stakeholder committee supportive for planning and monitoring of forestry sector in the district. He proposed to increase the price of forest products, charging at least an additional 50% of the royalty rate. His strategies have proven beneficial for both the GoN and the local communities. His achievement of being able to restore the forest area by controlling/evacuating illegal encroachment, especially at Karri Banghsuri CF, has been widely recognized throughout the Department of Forests.

**किशोर गौतम**
**जिल्ला वन अधिकृत**
**वन विभाग, जिल्ला वन कार्यालय, दाङ्ग**

किशोर गौतमसंग नेपाल सरकारको वन सेवामा २२ वर्षभन्दा बढी अनुभव छ। डिसेम्बर २००८ मा उहाँ दाङ्ग जिल्लाको वन अधिकृतमा नियुक्त हुनु भएको थियो। आफु नियूक्त भए पश्चात नै जिल्लाको वन क्षेत्रको निरिक्षण गर्ने र त्यसका लागि योजना ल्याउन सहयोग गर्ने धेरै सरोकारवालाहरुको प्रतिनिधित्व रहेको जिल्ला वन क्षेत्र अनुगमन समिति परिचालन गर्न उहाँले पहल गर्नु भएको थियो। वन पैदावारको मूल्य साबीक भन्दा ५० प्रतिशत बढाउने प्रस्ताव अघि ल्याउन उहाँको भूमीका रहेको छ। उहाँको यस रणनिति प्रस्तावले नेपाल सरकार र स्थानीय जनतालाई फाइदा पुऱ्याएको छ। विशेषगरि कारी बाङ्सुरी सामुदायिक वनमा अवैधानिक अतिक्रमण रोकेर वन क्षेत्र पुनर्स्थापित गर्ने उहाँको योगदानलाई सह्रानीय कार्यको रुपमा लिइन्छ।

# ABRAHAM CONSERVATION AWARDS: ORGANIZATION
# अब्राहम संरक्षण पुरस्कार : संस्था

**Jatayu Restaurant Manangement Committees, Nawalparasi**
**Laukhani, Kawasoti-1, Nawalparasi**

As the first ‘community-managed vulture restaurant in the world’, Jatayu Restaurant Manangement Committee has become a success story to be replicated in many other sites. While the numbers of vultures have plummeted alarmingly in the past decade in South Asia, this committee has not only halted the decline but also increased the vulture population locally. An ‘old cows’ home’ is maintained by the committee and the cows that die are left out for the vultures to feed on. The average number of vultures arriving per feed has increased from 82 in 2002 to 116 in 2009. This model is being replicated in other sites in Nepal and in India and Pakistan as well. The local community has co-funded many conservation efforts as they have benefited immensely. The Jatayu Restaurant attracts tourists and researchers alike who are provided with home stays, and local nature guides also get an opportunity to earn an income. The basis of this project was used for developing the in-situ conservation plan of Government of Nepal’s ‘Vulture Conservation Action Plan for Nepal 2009-2013’.

**जटायु रेष्टुरेन्ट व्यवस्थापन समिति, नवलपरासी**
**लौखानी, कावासोती १, नवलपरासी**

लोपोन्मुख जटायूको संरक्षणका लागि सामुदायिक रूपमा पहिलो गिद्ध रेष्टुरेन्ट संचालन गर्ने जटायु रेष्टुरेन्ट व्यवस्थापन समिति अनुकरण गर्न लायक सफलताको एउटा कथा हो । दक्षिण एसियामा गत एक दशकदेखि गिद्धको संख्या ह्वात्तै घटेता पनि यो समितिले स्थानीय गिद्धको संख्यालाई घट्नमात्र दिएको छैन बढाएको पनि छ । समितिले बृद्ध गाई पाल्ने एउटा घर बनाएको छ । मरेपछि ती गाईलाई गिद्धले खावोस् भनेर निश्चित स्थानमा राख्ने गर्छ । मरेको गाई खान आउने गिद्धको संख्या सन् २००२ मा ८२ थियो भने २००९ मा बढेर ११६ पुगेको छ । यो मोडेललाई नेपाल, भारत र पाकिस्तानका केही ठाउँहरुमा अनुकरण गरिन थालेको छ । स्थानीय समुदायले पनि संरक्षणको प्रयासलाई सहयोग गरेका छन् । धेरै पर्यटक र अनुसन्धातालाई आर्कषण गरेको जटायु रेष्टुरेन्टले उनीहरूलाई होम स्टे र गाईडको पनि व्यवस्था गरिदिएको छ । यो परियोजनालाई आधार मानेर नेपाल सरकारले नेपालका लागि गिद्ध संरक्षण कार्य निति २००९-२०१३ समेत तयार पारेको छ ।






**Jatayu Restaurant Manangement Committee, Rupandehi**
**Ward #1, Gaidatal, Rupandehi, Lumbini**

This committee was established to conserve critically endangered species of vultures with the participation of the local people. Their greatest achievement has been to have changed people's perception towards vultures from a sign of bad luck to that of an important creature helping us keep our environment clean. There has been an increment of vulture nests from 17 in 2008 to 25 in 2010. Awareness level regarding the ecological importance of vultures and factors posing threat to their population has increased among the local people, especially among students and those of veterinary professions. The local people have benefited with various livelihood and capacity enhancement trainings. In a short period of time, the restaurant has been able to attract the attention and participation of local people in conservation and has led to some important achievements in vulture conservation.

**जटायु रेष्टुरेन्ट व्यवस्थापन समिति, रूपन्देही**
**वडा नं १, गैंडाताल, रूपन्देही, लुम्बिनी**

स्थानीय जनताको सहयोगमा गिद्धको लोपोन्मुख प्रजाती संरक्षण गर्न यो समिति गठन भएको हो । गिद्ध अशुभ होइन वातावरण सफा राख्ने महत्वपूर्ण प्राणी हो भन्ने विश्वास मानिसमा जगाउन सक्नु समितिको सबैभन्दा महत्वपूर्ण उपलब्धी हो । सन् २००८ मा यस क्षेत्रमा गिद्धको १७ वटा गुँड मात्र थियो भने सन् २०१० मा बढेर २५ पुगेको छ । गिद्धको पर्यावरणीय महत्व र उनीहरूलाई खतरामा पार्ने तत्वहरूबारे चेतनाको स्तर स्थानीय जनता - विशेषगरि विद्यार्थी र भेटनेरी व्यवसायीहरूमा बढाउन समितिको उल्लेख्य योगदान रहेको छ । स्थानीय जनताले जीवकोपार्जन तथा दक्षता अभिवृद्धि तालिमबाट फाइदा प्राप्त गरेका छन् । छोटो समयमा नै रेष्टुरेन्टले संरक्षणमा स्थानीय जनताको ध्यान तान्न र सहभागिता बढाउन सफल भई गिद्ध संरक्षणमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ ।



# WWF MEDIA IN CONSERVATION AWARDS
# डब्लु डब्लु एफ संरक्षणमा मिडिया पुरस्कार

**Umid Baghchand**
**Journalist**
**BBC Nepali Sewa**
**Dhangadhi Municipality-1**

Mr. Baghchand has been pursuing journalism for the past 20 years and is a renowned journalist in the Far-Western Development Region of Nepal. He is currently a regional reporter for the BBC Nepali Service and is also the president of Far-Western Media Development Centre, Kailali. He has been raising issues of encroachment and timber smuggling in Kailali and Kanchanpur districts through the BBC Nepali Sewa and the local FM, and has also written on these issues in the local papers. He has trained as many as 50 journalists on biodiversity conservation, who actively report on the same.

**उमिद बागचन्द**
**पत्रकार, बिबिसि नेपाली सेवा**
**धनगढी नगरपालिका - १**

बीस वर्षदेखि पत्रकारिता गरिरहेका बागचन्द सुदुरपश्चिम क्षेत्रको ख्यातिप्राप्त पत्रकार हुनुहुन्छ । अहिले उहाँ बिबिसी नेपाली सेवाका लागि क्षेत्रिय सम्वाददाता र सुदुरपश्चिम मिडिया विकास केन्द्र कैलालीका सभापति समेत हुनुहुन्छ । उहाँले कैलाली र कञ्चनपुरमा वन अतिक्रमण र काठ चोरी निकासी सम्बन्धी मुद्दा बिबिसि नेपाली सेवा र स्थानीय एफएमबाट निरन्तर रुपमा उठाउदैं आउनु भएको छ । उहाँले ती मुद्दाबारे स्थानीय पत्रिकामा पनि धेरै पटक लेखहरु लेख्नु भएको छ । उहाँले ५० जना जति पत्रकारहरुलाई जैविक विविधता संरक्षणबारे तालिम दिईसक्नु भएको छ र उनीहरूले त्यसबारेमा समाचारहरु सम्प्रेशण समेत गरिरहेका छन् ।





**Ramesh Prasad Bhushal**
**Journalist**
**Hosrangdi-2, Parbat**

Mr. Bhushal is one of the leading environment reporters of The Himalayan Times. He has an academic background of M.Sc. in Environmental Science and has been rigorously reporting on conservation issues. He has also produced and presented many radio programs. His article titled *"Cash on Forest to Combat Climate Change"* received the regional award from ICIMOD this year, for which journalists from eight SAARC countries were competing.

**रमेश प्रसाद भुसाल**
**पत्रकार, होसराङडी-२, पर्वत**

द हिमालयन टाइम्सका प्रमुख वातावरण सम्वाददाताहरूमध्ये भुसाल एक हुनुहुन्छ । उहाँले वातावरण विज्ञानमा स्नातकोत्तर गर्नुभएको छ र संरक्षण विषयमा निरन्तर रुपमा रिपोर्टिङ गरीरहनु भएको छ । उहाँले वातावरण विषयमा धेरै रेडियो कार्यक्रमहरु बनाएर प्रसारण गराउनु भएको छ । उहाँको *क्यास अन फोरेस्ट टु कम्ब्याट क्लाइमेट चेन्ज* शीर्षकको लेखले यही वर्ष इसिमोडले दिने क्षेत्रिय पुरस्कार प्राप्त गरेको थियो । यस पुरस्कारका लागि आठ सार्क राष्ट्रका पत्रकारहरूले प्रतिपर्धा गरेका थिए ।



# MATTHEW PREECE AND YESHI CHODEN LAMA YOUNG CONSERVATION LEADER AWARDS
# म्याथ्यु प्रिस तथा येशी छोदेन लामा युवा संरक्षण अगुवा पुरस्कार



**Anand Chaudhary**
**Vulture Conservation Officer**
**PO Box 12465, Kathmandu**

Mr. Chaudhary's Master's Degree in Zoology included a thesis on ground beetles and resulted in the first record of the genus *Platyderus* from Nepal. His professional career in conservation started in 2005 when he joined the Terai Arc Landscape Program. On joining Bird Conservation Nepal in 2008, the Vulture Conservation Program has expanded commendably under his leadership. In March 2010 he won the Future Conservationist Award from the Conservation Leadership Program and was the first Nepali to win the award in its 25-year history. He was instrumental in developing the concept of 'Vulture Safe Zone' which has resulted in a paradigm shift in vulture conservation, and is in the process of being replicated internationally. He has also been nominated for the Fulbright Scholarship to study Conservation Biology in the United States.

**आनन्द चौधरी**
**गिद्ध संरक्षण अधिकृत**
**काठमाडौ**

आनन्द चौधरीले प्राणीशास्त्रमा स्नातकोत्तर गर्नु भएको छ। उहाँको स्नातकोत्तरको शोधपत्र खोपटे किरा (Ground Beetles) माथि थियो। यस अनुसन्धान अन्तर्गत नेपालमा पहिलो पटक *प्लाटीडेरस* (Platyderus) जातीको खोपटे किरा रेकर्ड भएको थियो। सन् २००५ मा तराई भूपरिधि कार्यक्रममा कार्य गर्न थालेपछि उहाँको संरक्षणप्रति व्यवसायिक संलग्नताको सुरुवात भएको हो। सन् २००८ मा पंक्षी संरक्षण नेपालमा कार्य गर्न थालेपछि उहाँको नेतृत्वमा गिद्ध संरक्षण कार्यक्रम विस्तार भएको छ। मार्च २०१० मा उहाँले *कन्जर्भेसन लिडरसिप प्रोग्रामले* दिने *फ्युचर कन्जर्भेसन अवार्ड* प्राप्त गर्नु भएको थियो। २५ वर्षको इतिहासमा यो पुरस्कार पाउने उहाँ पहिलो नेपाली हुनुहुन्छ। गिद्ध संरक्षित क्षेत्रको अवधारण विकास गर्न उहाँको भूमिका महत्वपूर्ण रहेको थियो। यो अवधारणा अन्तर्राष्ट्रिय स्तरमा पनि अनुकरणीय रहेको छ। अमेरिकामा संरक्षण जिवविज्ञान (*कन्जरर्भेसन बायोलोजी*) पढ्न उहाँ फुलब्राइट छात्रवृतिमा मनोनीत हुनु भएको छ।





**Why we are here**
To stop the degradation of the planet's natural environment and to build a future in which humans live in harmony with nature.

www.wwfnepal.org

© 1986 Panda Symbol WWF – World Wide Fund For Nature

(also known as World Wildlife Fund)

® "WWF" is a WWF Registered Trademark

WWF Nepal, P.O.Box 7660 Baluwatar, Kathmandu, Nepal

Tel: 977 1 4434820, Fax: 977 1 4438458, Email: info@wwfnepal.org, Website: www.wwfnepal.org